# नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोवार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
**विदेशी विनिमय व्यवस्थापन विभाग**
२०७७

# नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोवार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ तथा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ बमोजिम इजाजतपत्र प्राप्त गरी विदेशी विनिमयको कारोवार गर्ने फर्म, कम्पनी वा संस्थालाई इजाजतपत्र प्रदान गर्ने एवम् निरीक्षण तथा सुपरिवेक्षण गर्ने प्रयोजनको लागि नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी देहायका विनियमहरू बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस विनियमावलीको नाम **"नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोवार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७**" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा :

(क) "आदेश वा निर्देशन वा सूचना" भन्नाले राष्ट्र बैंकले ऐन वा प्रचलित कानुन बमोजिम समय-समयमा जारी गरेको आदेश वा निर्देशन वा सूचना सम्झनु पर्छ ।

(ख) "इजाजतपत्र" भन्नाले राष्ट्र बैंकले विदेशी विनिमय कारोवार गर्ने फर्म, कम्पनी वा संस्थालाई यस विनियमावली अनुसार जारी गरेको इजाजतपत्र सम्झनु पर्छ ।

(ग) ''इजाजतपत्रप्राप्त संस्था'' भन्नाले खण्ड (ख) बमोजिम इजाजतपत्र प्राप्त गरेको फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(घ) "ऐन" भन्नाले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ सम्झनु पर्छ ।

(ङ) "कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको कम्पनीलाई जनाउँदछ ।

(च) ''गभर्नर'' भन्नाले राष्ट्र बैंकको गभर्नर सम्झनु पर्छ ।

(छ) "निरीक्षक" भन्नाले विदेशी विनिमयको कारोवार गर्न इजाजतपत्रप्राप्त फर्म, कम्पनी, संस्थाको स्थलगत निरीक्षण गर्नको लागि विभागबाट खटाइएको निरीक्षण टोलीका सदस्य सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले सोही कार्यको लागि खटाएका विशेषज्ञ तथा संस्था समेतलाई जनाउँदछ ।

(ज) "निरीक्षण टोली" भन्नाले विदेशी विनिमयको कारोवार गर्न इजाजतपत्रप्राप्त फर्म, कम्पनी वा संस्थाको स्थलगत निरीक्षण गर्नको लागि विभाग वा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालयबाट खटाएको निरीक्षण टोली सम्झनु पर्छ ।

(झ) “पदाधिकारी” भन्नाले इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, कम्पनी सचिव र कुनै विषयमा निर्णय गर्ने अख्तियारी प्राप्त अधिकृतस्तरको कर्मचारी सम्झनु पर्दछ ।

(ञ) “परिवर्त्य विदेशी मुद्रा” भन्नाले राष्ट्र बैंकले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी परिवर्त्य विदेशी मुद्रा भनी तोकिदिएका विदेशी मुद्रा सम्झनु पर्छ ।

(ट) “बैंक” भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) बमोजिम बैंकिङ्ग तथा वित्तीय कारोवार गर्न संस्थापना गरिएको वाणिज्य बैंक सम्झनु पर्छ ।

(ठ) “राष्ट्र बैंक” भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ड) “विभाग” भन्नाले राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(ढ) ''विभागीय प्रमुख'' भन्नाले राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागका प्रमुखलाई सम्झनु पर्छ ।

(ण) “वित्तीय संस्था” भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (२) र (३) बमोजिमको कारोवार गर्न संस्थापना भएको विकास बैंक र वित्त कम्पनी सम्झनु पर्छ ।

(त) “विदेशी मुद्रा” भन्नाले नेपाली मुद्रा बाहेकका अन्य मुद्रा सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट रकम झिक्ने विशेष अधिकार (स्पेशल ड्रइङ्ग राइट्स), एशियन करेन्सी युनिट, युरोपियन करेन्सी युनिट तथा राष्ट्र बैंकले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य उपकरण समेतलाई जनाउँछ ।

(थ) “सञ्चालक” भन्नाले विदेशी विनिमयको कारोवार गर्न इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिको सदस्य सम्झनु पर्छ ।

३. **इजाजतपत्र लिनुपर्ने :** विदेशी विनिमयको कारोवार गर्ने बैंक वा वित्तीय संस्था, फर्म, कम्पनी वा संस्था र क्यासिनोले यस विनियमावली बमोजिम इजाजतपत्र लिनु पर्नेछ ।

## परिच्छेद - २

## बैंक तथा वित्तीय संस्थालाई इजाजतपत्र प्रदान गर्ने सम्बन्धी व्यवस्था

४. **इजाजतपत्रका लागि निवेदन दिने :** विदेशी विनिमयको कारोवार गर्न इच्छुक बैंक तथा वित्तीय संस्थाले विदेशी विनिमय कारोवार गर्ने इजाजतपत्रको लागि विदेशी विनिमय कारोवार गर्ने शाखाहरूको नाम, ठेगाना सहित अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूची-१(क) बमोजिमका कागजातसहित विभागमा निवेदन दिनुपर्नेछ ।

५. **इजाजतपत्रको शुल्क सम्बन्धी व्यवस्था :** (१) विदेशी विनिमय कारोवारको इजाजतपत्र प्राप्त गर्न विदेशी मुद्राको कारोवार गर्ने बैंक तथा वित्तीय संस्थाले देहाय बमोजिमको शुल्क राष्ट्र बैंकमा बुझाउनु पर्नेछ :

(क) बैंकले एकमुष्ट पाँच लाख रुपैयाँ

(ख) राष्ट्रिय स्तरका विकास बैंकले एकमुष्ट एक लाख रुपैयाँ

(ग) प्रादेशिक स्तरका विकास बैंक र सबै स्तरका वित्त कम्पनीहरुले एकमुष्ट वीस हजार रुपैयाँ

६. **इजाजतपत्र प्रदान गर्ने :** (१) विनियम ४ बमोजिम पर्न आएको निवेदन उपर छानबिन गरी उपयुक्त देखिएमा बैंक तथा वित्तीय संस्थालाई विदेशी विनिमय कारोवारको लागि अनुसूची-२ बमोजिमको ढाँचामा विभागले सम्पूर्ण स्थानको लागि एउटै इजाजतपत्र प्रदान गर्नेछ । यस प्रकारको इजाजतपत्र प्रदान गर्दा भौतिक पूर्वाधारको स्थलगत निरीक्षण आवश्यक पर्ने छैन ।

(२) उपविनियम (१) बमोजिम विदेशी विनिमय कारोवार गर्ने इजाजतपत्रको लागि विनियम ५ बमोजिमको शुल्क लिई बैंक तथा वित्तीय संस्था एवम् तिनका शाखा कार्यालयहरूलाई विदेशी विनिमय खरीद/बिक्री कारोवार तथा तोकिए बमोजिमको विदेशी विनिमय सम्बन्धी अन्य कार्य गर्ने गरी बढीमा पाँच वर्षको लागि इजाजतपत्र प्रदान गर्न सकिनेछ ।

(३) बैंक तथा वित्तीय संस्थाले एकमुष्ट रुपमा प्राप्त गरेको इजाजतपत्रको आधारमा आफ्ना शाखाहरूबाट विदेशी विनिमयको कारोवार गर्न सक्नेछन् ।

(४) बैंकका सम्पूर्ण शाखाहरूले कम्तिमा पनि विदेशी मुद्रा खरिदको कारोवार गर्नुपर्नेछ ।

(५) वित्तीय संस्थाले विदेशी विनिमयको कारोवार गर्ने शाखा तोकी त्यस्ता शाखाबाट विदेशी विनिमयको कारोवार गर्न सक्नेछन् ।

(६) उप-विनियम (५) बमोजिम तोकिएका शाखाको अद्यावधिक विवरण सम्बन्धित संस्थाले विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(७) यस विनियममा जुनसुकै कुरा लेखिएको भएता पनि राष्ट्र बैंकले वित्तीय संस्थाका निश्चित भौगोलिक क्षेत्रका शाखाबाट विदेशी मुद्राको कारोवार गर्न निर्देशन दिन सक्नेछ ।

७. **इजाजतपत्रको नवीकरण तथा खारेजी :** (१) बैंक तथा वित्तीय संस्थाले सबै स्थानबाट हुने आफ्नो विदेशी विनिमय कारोवारको लागि इजाजतपत्रको म्याद समाप्त हुने ३ महिना अगावै देहाय बमोजिमको शुल्क बुझाई अनुसूची-३ बमोजिमको ढाँचामा अनुसूची ३(क) बमोजिमका कागजात सहित विभागमा निवेदन दिनुपर्नेछ । यसरी निवेदन प्राप्त भएमा विभागले म्याद समाप्त हुने १ महिना पूर्वनै सम्पूर्ण स्थानको लागि आवश्यक पक्रिया पूरा भएको यकिन गरी इजाजतपत्र नवीकरण गर्न सक्नेछ :

(क) बैंकले एकमुष्ट पाँच लाख रुपैयाँ

(ख) राष्ट्रिय स्तरका विकास बैंकले एकमुष्ट एक लाख रुपैयाँ

(ग) प्रादेशिक स्तरका विकास बैंक र सबै स्तरका वित्त कम्पनीहरुले एकमुष्ट वीस हजार रुपैयाँ

(२) म्याद समाप्त भएपछि नवीकरणको लागि निवेदन दिएमा नवीकरण शुल्कको दोब्बर रकम लिई विभागले इजाजतपत्र नवीकरण गर्न सक्नेछ ।

(३) यो विनियमावली लागू हुनुभन्दा पहिले विभिन्न शाखाहरूको लागि छुट्टाछुट्टै इजाजतपत्र प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाले यो विनियमावली लागू भएको दुई महिनाभित्र विदेशी विनिमय कारोवार गर्ने शाखाहरूको नाम, ठेगाना सहित उपविनियम (१) बमोजिमको शुल्क बुझाई नवीकरणको लागि निवेदन दिनुपर्नेछ र विभागले ती बैंक तथा वित्तीय संस्थाको इजाजतपत्र नवीकरण गरी सम्पूर्ण स्थानको लागि एउटै इजाजतपत्र प्रदान गर्नेछ ।

## परिच्छेद - ३

## फर्म, कम्पनी वा संस्थालाई इजाजतपत्र प्रदान गर्ने सम्बन्धी व्यवस्था

८. **इजाजतपत्रका लागि निवेदन दिने** : (१) विदेशी विनिमयको कारोवार गर्न चाहने फर्म, कम्पनी वा संस्थालाई राष्ट्र बैंकले देहायको प्रकृया बमोजिम इजाजतपत्र दिन सक्नेछ :-

(क) विदेशी विनिमयमा कारोवार गर्न चाहने फर्म, कम्पनी वा संस्थासँग इजाजतपत्रको लागि निवेदन लिएर वा

(ख) विदेशी विनिमयको कारोवार गर्ने स्थान/क्षेत्र किटान गरी निवेदन आव्हान गरेर ।

(२) उपविनियम (१) बमोजिम विदेशी विनिमयको कारोवार गर्न इच्छुक फर्म, कम्पनी वा संस्थाले अनुसूची-४ बमोजिमको ढाँचामा अनुसूची-४(क) बमोजिमका कागजातसहित आफ्नो केन्द्रीय कार्यालय काठमाण्डौं उपत्यकाभित्र भएमा विभागमा र काठमाण्डौं उपत्यका बाहिर भएमा राष्ट्र बैंकका प्रदेशस्थित कार्यालय वा विभागमा निवेदन दिन सक्नेछन् ।

(३) विदेशी विनिमयको कारोवार गर्न निवेदन दिने फर्म, कम्पनी, संस्थाको संचालक/पदाधिकारीको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) १८ वर्ष उमेर पूरा भएको,

(ख) मानसिक सन्तुलन ठीक भएको,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा नपरेको,

(घ) बैंक वा वित्तीय संस्थासँगको कुनै कारोबारमा कालोसूचीमा परेको भए त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको,

(ङ) प्रचलित कानुन बमोजिम कर चुक्ता गरेको,

(च) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको भए त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष पुगेको,

(छ) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय नपाएको,

(ज) कुनै सरकारी, सार्वजनिक वा बैंक तथा वित्तीय संस्थाको सेवाको पदमा बहाल नरहेको,

(झ) बैंक तथा वित्तीय संस्थाको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा प्रमाणित नभएको,

(ञ) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरमा सजाय नपाएको ।

(ट) प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भइसकेको (प्रमाण पेश गर्नु पर्ने) ।[१]

९. **इजाजतपत्र प्रदान गर्ने :** (१) विनियम ८ को उपविनियम (२) बमोजिम पर्न आएको निवेदन उपर छानबिन तथा भौतिक पूर्वाधारको स्थलगत निरीक्षण गरी उपयुक्त देखिएमा विदेशी विनिमय कारोवारको लागि अनुसूची-५ को ढाँचामा विभागमा निवेदन दिनेको हकमा विभागले र राष्ट्र बैंकको प्रदेशस्थित कार्यालयमा निवेदन दिनेको हकमा सम्बन्धित कार्यालयले इजाजतपत्र प्रदान गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम विदेशी विनिमय कारोवारको लागि इजाजतपत्र प्रदान गर्न उपयुक्त देखिएका फर्म, कम्पनी वा संस्थालाई विनियम ११ बमोजिमको शुल्क लिई देहाय बमोजिमका कार्य गर्ने गरी बढीमा तीन वर्षको लागि इजाजतपत्र प्रदान गर्न सकिनेछ :

(क) होटल, रिसोर्ट, ट्राभल एजेन्सी, एयरलाइन्स, कार्गो कम्पनी, ट्रेकिङ्ग एजेन्सी लगायतका फर्म, कम्पनी वा संस्थाहरूले वा अन्य सेवा प्रदायक कम्पनी तथा संस्थाहरूले विदेशी पर्यटक तथा ऐन बमोजिम विदेशी विनिमयमा भुक्तानी गर्न सक्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई वस्तु तथा सेवा बिक्री गरे वापत विदेशी विनिमयमा हुने भुक्तानी स्वीकार गर्ने ।

(ख) होटलहरूले राष्ट्र बैंकले तोकिदिएको सीमासम्म आफ्ना ग्राहकहरूलाई नगद परिवर्त्य विदेशी मुद्राको सटही प्रदान गर्ने ।

१०. **इजाजतपत्रका लागि पेश गर्नुपर्ने बैंक जमानत** : डिपार्टमेण्टल स्टोर/सुपर मार्केट, एयरलाइन्स र तीन तारे तथा सोभन्दा माथिल्लो स्तरका होटलले विदेशी मुद्राको कारोवार गर्ने इजाजतपत्र प्राप्त

---

[१] सञ्चालक समितिको मिति २०७९।८।२९ मा बसेको बैठक (बैठक संख्या: ३१/२०७९) को निर्णयानुसार थप भएको ।

गर्न प्रति कारोवार स्थानको लागि एक लाख रुपैयाँ र मुनाफा आर्जन गर्ने उद्देश्य भएका अन्य जुनसुकै होटल, रिसोर्ट, फर्म, कम्पनी वा संस्थाहरूले विदेशी मुद्राको कारोवार गर्ने इजाजतपत्र प्राप्त गर्न प्रति कारोवार स्थानको लागि पचास हजार रुपैयाँ बराबरको कम्तिमा चार वर्ष अवधिको बैंक जमानत पेश गर्नुपर्नेछ ।

तर, सरकारी निकाय, सरकारी विश्वविद्यालय एवम् शैक्षिक प्रतिष्ठान तथा मुनाफा आर्जन गर्ने उद्देश्य नभएका सामाजिक संघसंस्थाहरूले विदेशी विनिमय कारोवारको इजाजतपत्र प्राप्त गर्न यस्तो जमानत पेश गर्नुपर्ने छैन ।

११. **<u>इजाजतपत्रको शुल्क सम्बन्धी व्यवस्था</u> :** डिपार्टमेण्टल स्टोर/सुपर मार्केट, एयरलाइन्स र तीन तारे तथा सोभन्दा माथिल्लो स्तरका होटलले विदेशी मुद्राको कारोवार गर्ने इजाजतपत्र प्राप्त गर्न प्रत्येक कारोवार स्थानका लागि प्रति वर्ष चार हजार रूपैयाँका दरले तथा मुनाफा आर्जन गर्ने उद्देश्य भएका अन्य जुनसुकै होटल, रिसोर्ट, फर्म, कम्पनी वा संस्था एवम् सरकारी निकायले प्रत्येक स्थानका लागि प्रति वर्ष दुई हजार रूपैयाँका दरले इजाजतपत्रको शुल्क एकमुष्ट रुपमा राष्ट्र बैंकमा बुझाउनु पर्नेछ ।

१२. **<u>इजाजतपत्रको नवीकरण तथा खारेजी</u>** : (१) विदेशी मुद्राको कारोवार गर्ने इजाजतपत्रप्राप्त संस्थाले देहाय बमोजिमको वार्षिक शुल्क बुझाई अनुसूची-६ बमोजिमको ढाँचामा अनुसूची ६(क) बमोजिमका कागजात सहित इजाजतपत्र नवीकरणको लागि निवेदन दिएमा काठमाण्डौं उपत्यकाको हकमा विभागले र काठमाण्डौं उपत्यका बाहिरको हकमा राष्ट्र बैंकको सम्बन्धित प्रदेशस्थित कार्यालयले इजाजतपत्र नवीकरण गर्न सक्नेछ :-

(क) डिपार्टमेण्टल स्टोर/सुपर मार्केट, एयरलाइन्स र तीन तारे तथा सोभन्दा माथिल्लो स्तरका होटलले विदेशी मुद्राको कारोवार गर्ने इजाजतपत्रको म्याद समाप्त हुनु अगावै प्रत्येक स्थानका लागि प्रति वर्ष चार हजार रूपैयाँका दरले तथा मुनाफा आर्जन गर्ने उद्देश्य भएका अन्य जुनसुकै होटल, रिसोर्ट, फर्म, कम्पनी वा संस्था एवम् सरकारी निकायले प्रत्येक स्थानका लागि प्रति वर्ष दुई हजार रूपैयाँका दरले एकमुष्ट शुल्क राष्ट्र बैंकमा बुझाउनु पर्नेछ । कुनै कारणवश इजाजतपत्रप्राप्त संस्थाले म्याद समाप्त हुनु अगावै नवीकरणको लागि निवेदन पेश गर्न नसकेको कुरामा राष्ट्र बैंक विश्वस्त भएमा म्याद समाप्त भएको मितिले तीस दिन भित्र समेत सोही बमोजिमको शुल्क लिई राष्ट्र बैंकले इजाजतपत्र नवीकरण गर्न सक्नेछ ।

(ख) खण्ड (क) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराएमा इजाजतपत्रको म्याद समाप्त भएको मितिदेखि एक वर्षसम्म निवेदन दिएमा जरिवाना रकम लिई इजाजतपत्र नवीकरण गर्न सकिनेछ । यस्तो जरिवाना रकम नवीकरण शुल्कका अतिरिक्त प्रत्येक महिनाको लागि नवीकरण शुल्कको दोब्बर रकम हुनेछ ।

(ग) खण्ड (ख) बमोजिमको समयावधि भित्र समेत इजाजतपत्र नवीकरण नगराएमा बैंक जमानत जफत भई इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(घ) इजाजतपत्र प्राप्त संस्थाले इजाजतपत्रको म्याद समाप्त हुनु अगावै इजाजतपत्र खारेजीका लागि निवेदन दिएमा इजाजतपत्र रद्द गरी बैंक जमानत फुकुवा गर्न स्वीकृति दिन सकिनेछ ।

(ङ) इजाजतपत्रको म्याद समाप्त भएको मितिले तीन महिनाभित्र बैक जमानत फुकुवाको लागि निवदेन पेश गरेमा सो मितिसम्मको खण्ड (ख) बमोजिम जरिवाना असुल गरी यस्तो बैंक जमानत फुकुवा गरिनेछ ।

(च) इजाजतपत्रप्राप्त संस्थाको परिवर्त्य विदेशी मुद्राको कारोवार गर्न खोलिएको खाता त्यस्तो इजाजतपत्रको अवधि बहाल रहेसम्म मात्र सञ्चालन गर्नुपर्नेछ । इजाजतपत्रको म्याद समाप्त भएको तीस दिनसम्म पनि इजाजतपत्र नवीकरण भएको प्रमाण वा विभाग वा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालयको खाता संचालनको स्वीकृतिपत्र पेश नगरेमा त्यस्ता खाता सञ्चालनमा पूर्ण रुपमा रोक लगाउनु पर्नेछ । तर विदेशीलाई वस्तु वा सेवा बिक्री गरी प्राप्त रकम त्यस्ता खातामा जम्मा मात्र गर्ने गरी स्वीकार गर्न सकिनेछ । खाता पूर्ण रुपमा सञ्चालन गर्नका लागि इजाजतपत्र प्रदान गर्ने विभाग वा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालयको पूर्वस्वीकृति लिनुपर्नेछ ।

## परिच्छेद - ४

## क्यासिनोलाई इजाजतपत्र प्रदान गर्ने सम्बन्धी व्यवस्था

**१३. इजाजतपत्रको लागि निवेदन दिने** : विदेशी विनिमयको कारोवार गर्न इच्छुक विनियम ८ को उपविनियम (३) बमोजिम योग्यता भएका क्यासिनोले विदेशी विनिमय कारोवार गर्ने इजाजतपत्रको लागि अनुसूची-४ बमोजिमको ढाँचामा अनुसूची-७ बमोजिमका कागजात सहित विभागमा निवेदन दिनुपर्नेछ ।

**१४. इजाजतपत्र शुल्क र बैंक जमानत सम्बन्धी व्यवस्था** : क्यासिनोले विदेशी मुद्राको कारोवार गर्ने इजाजतपत्र प्राप्त गर्न प्रति कारोवार स्थानको लागि पच्चीस लाख रुपैयाँ बराबरको चौवीस महिना अवधिको बैंक जमानत र इजाजतपत्र शुल्क बापत एक लाख रुपैयाँ राष्ट्र बैंकमा बुझाउनु पर्नेछ ।

तर आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको हकमा प्रति कारोवार स्थानको लागि दश लाख रुपैयाँ बराबरको चौवीस महिना अवधिको बैंक जमानत र इजाजतपत्र शुल्क बापत ५० हजार रुपैयाँ राष्ट्र बैंकमा बुझाउनु पर्नेछ ।

**१५. इजाजतपत्र प्रदान गर्ने :** विनियम १३ बमोजिम पर्न आएको निवेदन उपर छानबिन तथा भौतिक पूर्वाधारको स्थलगत निरीक्षण गरी उपयुक्त देखिएमा विदेशी विनिमय कारोवारको लागि अनुसूची-८ बमोजिमको ढाँचामा विभागले बढीमा एक वर्षसम्मको लागि इजाजतपत्र प्रदान गर्न सक्नेछ ।

**१६. इजाजतपत्रको नवीकरण तथा खारेजी** : (१) क्यासिनोले इजाजतपत्रको म्याद समाप्त हुनु अगावै नवीकरण शुल्क एक लाख रूपैयाँ राष्ट्र बैंकमा जम्मा गरेको भौचर तथा अनुसूची-६ बमोजिमको ढाँचामा अनुसूची-९ बमोजिमका कागजातहरू सहित नवीकरणको लागि निवेदन दिनु पर्नेछ । तर

आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको हकमा नवीकरण शुल्कवापत पचास हजार रूपैयाँ राष्ट्र बैंकमा जम्मा गर्नुपर्नेछ ।

यस भन्दा अगाडि इजाजतपत्र प्राप्त गरिसकेका क्यासिनोहरुले नविकरणको लागि निवेदन पेश गर्दा विनियम १४ बमोजिमको बैंक जमानत पेश गर्नुपर्नेछ ।

(२) उप विनियम (१) बमोजिमको म्यादभित्र नवीकरण नगराएमा म्याद समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरणको लागि निवेदन दिएमा नवीकरण शुल्कको दोब्बर रकम लिई इजाजतपत्र नवीकरण गर्न सकिनेछ ।

(३) उप विनियम (२) बमोजिमको अवधिभित्र समेत इजाजतपत्र नवीकरण नगर्ने क्यासिनोको बैंक जमानत जफत गरी इजाजतपत्र रद्द गरिनेछ ।

## परिच्छेद - ५

## इजाजतपत्रप्राप्त संस्थाको काम, कर्तव्य

१७. **विदेशी विनिमयको कारोवार गर्दा पालना गर्नुपर्ने शर्तहरू :** (१) विदेशी विनिमयको कारोवार गर्न इजाजतपत्रप्राप्त संस्थाले ऐन तथा सो अन्तर्गत बनेका नियम, विनियम एवम् प्रचलित कानुन तथा सो अन्तर्गत राष्ट्र बैंकले समय समयमा जारी गरेका परिपत्र, आदेश, निर्देशन, सूचना र इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्तहरूको अधीनमा रही देहाय बमोजिमका कार्यहरू गर्नु पर्नेछ :-

(क) इजाजतपत्रप्राप्त संस्थाले आफ्नो इजाजतपत्रमा उल्लेख भए बमोजिमको विदेशी विनिमय कारोवार मात्र गर्नु पर्नेछ ।

(ख) विदेशी विनिमयको कारोवार गर्न इजाजतपत्रप्राप्त संस्थाले विदेशी मुद्राको कारोवारको हिसाब किताब दुरुस्त राख्नु पर्नेछ ।

(ग) इजाजतपत्रप्राप्त होटलहरूले आफ्ना ग्राहकलाई अनुसूची-१० बमोजिमको ढाँचामा फरेन एक्सचेञ्ज इनक्यासमेण्ट रिसिप्ट (FEER) जारी गरी राष्ट्र बैंकले तोकिदिएको सीमासम्म परिवर्त्य विदेशी मुद्रा सटही सुविधा प्रदान गर्न सक्नेछन् ।

(घ) इजाजतपत्रप्राप्त संस्थाले विदेशी नागरिकबाट स्वदेशी मुद्रा स्वीकार गर्दा FEER वा ATM वा POS मेशिनको रसिदले खामेसम्मको नेपाली रुपैंया मात्र स्वीकार गर्नुपर्नेछ र उक्त भुक्तानी लिँदा FEER को पछिल्लो भागमा अनिवार्य रुपले दरपिठ गरी सो को प्रमाण राख्नुपर्नेछ ।

(ङ) प्रत्येक आर्थिक वर्षको हिसाब किताबको प्रचलित कानुनले निर्धारण गरेको समयावधिभित्र लेखापरीक्षण गराई सोको एक प्रति विद्युतीय माध्यमबाट विभागमा पेश गर्नु पर्नेछ ।

(च) इजाजतपत्रप्राप्त संस्थाले बैंकबाट प्रदान भएको इजाजतपत्रमा तोकिएका कार्यहरू बाहेक विदेशी विनिमय सम्बन्धी अन्य कुनैपनि कारोवार गर्न पाउने छैन ।

(छ) विदेशी विनिमय कारोवार इजाजतपत्र सर्वसाधारणले देख्ने गरी कारोवार गर्ने स्थानमा राख्नु पर्नेछ । बैंक तथा वित्तीय संस्थाको हकमा आफूले प्राप्त गरेको इजाजतपत्रको प्रतिलिपि विदेशी विनियमको कारोवार गर्ने सबै स्थानमा सर्वसाधारणले देख्ने गरी राख्नुपर्नेछ ।

(ज) ऐन तथा सो अन्तर्गत बनेका नियम, विनियम वा राष्ट्र बैंकद्वारा जारी गरिएका परिपत्र, आदेश तथा निर्देशन विपरीत कामकाज भएको पाईएमा जुनसुकै बखत राष्ट्र बैंकबाट प्रदान भएको विदेशी विनिमय कारोवार गर्ने इजाजतपत्र निलम्वन वा खारेज गरी प्रचलित कानुन बमोजिम थप कारवाही समेत हुन सक्नेछ ।

(झ) विदेशी विनिमयको कारोवार अन्तर्गत विदेशी मुद्रामा कारोवार गर्दा वा भुक्तानी लिँदा प्रचलित परिपत्रको अधिनमा रही निर्धारित दरमा मात्र गर्नु पर्नेछ ।

(ञ) विदेशी विनिमयको कारोवार गर्दा सम्पत्ति शुद्धीकरण निवारण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी प्रचलित कानुनको पालना गर्नुपर्नेछ ।

(ट) इजाजतपत्र प्राप्त संस्थाले राष्ट्र बैंकबाट निरीक्षण गर्न खटाइएका निरीक्षकहरूले माग गरेको विवरण तथा कागजात उपलब्ध गराउनुका साथै निरीक्षकलाई निरीक्षण सम्बन्धी कार्यमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

## परिच्छेद -६

## निरीक्षण तथा सुपरिवेक्षण कार्यप्रणाली सम्बन्धी व्यवस्था

१८. **निरीक्षण तथा सुपरिवेक्षण गर्ने** : (१) राष्ट्र बैंकले आवश्यकतानुसार जुनसुकै समयमा इजाजतपत्रप्राप्त संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गर्नेछ ।

१९. **निरीक्षण तथा सुपरिवेक्षण मापदण्ड तयार गरी लागू गर्नुपर्ने**: (१) राष्ट्र बैंकले निरीक्षण तथा सुपरिवेक्षणका मापदण्डका आधारमा इजाजतपत्रप्राप्त संस्थाको विदेशी विनिमय कारोवारको निरीक्षण तथा सुपरिवेक्षण गर्नेछ ।

(२) उप विनियम (१) बमोजिमको निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी मापदण्ड विभागको विभागीय प्रमुखले स्वीकृत गर्नेछ ।

२०. **निरीक्षण तथा सुपरिवेक्षणका प्रकार**: राष्ट्र बैंकले सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको निरीक्षण तथा सुपरिवेक्षण देहाय बमोजिम गर्नेछ :-

(क) स्थलगत निरीक्षण :

(१) नियमित स्थलगत निरीक्षण : राष्ट्र बैंकले निरीक्षण टोली खटाई इजाजतपत्रप्राप्त संस्थाको स्थलगत निरीक्षण कार्य गर्न सक्नेछ । निरीक्षण टोलीले नेपाल राष्ट्र बैंक ऐन, २०५८ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा सो अन्तर्गत बनेका

नियम, विनियम एवम् प्रचलित कानुन तथा सो अन्तर्गत बैंकले समय समयमा जारी गरेका परिपत्र, आदेश, निर्देशन, सूचना र इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्तहरू पालना भए नभएको सम्बन्धमा निरीक्षण गर्नेछ ।

(२) विशेष/आकस्मिक निरीक्षण : सार्वजनिक सञ्चार माध्यम, विभिन्न सरकारी एवं अन्य निकायहरूको अनुरोध/निर्देशन/आदेश, उजुरी एवं अन्य श्रोतबाट प्राप्त जानकारी समेतको आधारमा कुनै इजाजतपत्रप्राप्त संस्थाले अनियमितता गरिरहेको, सर्वसाधारणलाई गलत सूचना प्रवाह गरिरहेको, गैरकानुनी कारोवार गरिरहेको, विनियम ३६ बमोजिम पेश गरेका विवरणहरूमा गम्भीर प्रकृतिका कैफियतहरू देखा परेको कुरा राष्ट्र बैंकले महसुस गरेमा विभाग वा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालयले निरीक्षण टोली खटाई विशेष/आकस्मिक निरीक्षण कार्य गर्न सक्नेछ ।

(३) लक्षित निरीक्षण : राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थाको कुनै विशेष कारोवार समेट्ने गरी लक्षित निरीक्षण कार्य गर्न सक्नेछ ।

(४) अनुगमन निरीक्षण : स्थलगत निरीक्षण तथा गैर स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरूको सुधार गर्न दिईएका निर्देशनहरूको कार्यान्वयनको सम्बन्धमा इजाजतपत्रप्राप्त संस्थाले पेश गरेका कागजातप्रति राष्ट्र बैंक विश्वस्त हुन चाहेमा वा राष्ट्र बैंकले अनुगमन निरीक्षण गर्न आवश्यक ठानेमा इजाजतपत्रप्राप्त संस्थाको कारोवार स्थलमा गई वा विस्तृत विवरण वा सूचनाहरू राष्ट्र बैंकमा झिकाई अनुगमन निरीक्षण कार्य गर्न सक्नेछ ।

(ख) गैर स्थलगत सुपरिवेक्षण : राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थाबाट प्राप्त सूचना, जानकारी एवम् विवरणको आधारमा गैर स्थलगत सुपरिवेक्षण गर्नेछ ।

२१. **निरीक्षण टोली खटाउने** : (१) राष्ट्र बैंकले सम्बन्धित इजाजतपत्रप्राप्त संस्थामा स्थलगत निरीक्षण गर्न निरीक्षण टोली खटाउन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम खटाइएको निरीक्षण टोलीमा एकजना टोली प्रमुख र आवश्यकता अनुसार अन्य सदस्य रहनेछन् ।

(३) उपविनियम (१) बमोजिम खटाइएको निरीक्षण टोलीले मागेको लगत, तथ्यांक, विवरण, सूचना, कम्प्युटर तथा अन्य विद्युतीय माध्ययमबाट सृजना गरिएको कार्यक्रम, वित्तीय नियन्त्रण प्रणाली वा आवश्यक अन्य कागजात तोकेको समयभित्र निरीक्षण टोलीलाई उपलब्ध गराउने, हेर्न वा जाँच्न दिने, नगद परीक्षण गर्न सहयोग गर्ने कर्तव्य सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक, पदाधिकारी वा कर्मचारीको हुनेछ ।

(४) उपविनियम (२) बमोजिम निरीक्षण गर्ने अधिकारीले इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक, पदाधिकारी वा कर्मचारीसँग निरीक्षण तथा सुपरिवेक्षण गर्दा आवश्यक देखेमा काम कारवाहीको सम्बन्धमा लिखित रुपमा बयान गराउन सक्नेछ ।

(५) निरीक्षण तथा सुपरिवेक्षण गर्दा कुनै कैफियत देखिएमा निरीक्षण गर्ने अधिकारीले इजाजतपत्रप्राप्त संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको कर्तव्य हुनेछ । निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले यसरी दिएको निर्देशनको जानकारी यथाशिघ्र राष्ट्र बैंकलाई दिनुपर्ने छ ।

(६) टोली सदस्यले टोली प्रमुखद्वारा सुम्पिएको निरीक्षण सम्बन्धी कार्य र जिम्मेवारी लगनशीलता तथा इमान्दारीपूर्वक सम्पन्न गर्नु पर्नेछ ।

(७) टोली सदस्यले आफूले सम्पादन गर्ने निरीक्षण कार्यसँग सम्बन्धित विषयमा इजाजतपत्रप्राप्त संस्थाका कर्मचारीसँग सोधपुछ गरी आवश्यक जानकारी लिन सक्नेछ । तर, इजाजतपत्रप्राप्त संस्थाको व्यवस्थापनसँग छलफल गर्नु परेमा टोली प्रमुख मार्फत गर्नु पर्नेछ ।

(८) निरीक्षण तथा सुपरिवेक्षणको क्रममा कुनै सम्वेदनशील विषय देखिएमा टोली प्रमुखले विभागीय वा कार्यालय प्रमुखलाई तत्कालै मौखिक वा लिखितरुपमा जानकारी गराउनु पर्नेछ ।

(९) यस विनियम बमोजिम खटाइएको निरीक्षण टोलीको कामकारवाहीको अनुगमन गर्नका लागि विभागीय  प्रमुखले निर्देशकलाई खटाउन सक्नेछ ।

२२. **निरीक्षक तथा सुपरिवेक्षकको आचार संहिता** : (१) प्रत्येक निरीक्षक तथा सुपरिवेक्षकले देहाय बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ :-

(क) निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धित कर्मचारीहरूले उच्च निष्ठा एवम् मनोवल सहित स्वतन्त्र रुपमा आफ्नो कार्य सम्पादन गर्नु पर्नेछ ।

(ख) निरीक्षक तथा सुपरिवेक्षकले निरीक्षण गरिने इजाजतपत्रप्राप्त संस्थासँग उच्च व्यवसायिक तथा शिष्ट व्यवहार गर्नु पर्नेछ । इजाजतपत्रप्राप्त संस्थाका ग्राहकहरूसँग सम्पर्क गर्दा इजाजतपत्रप्राप्त संस्थाको पदाधिकारीको उपस्थितिमा सम्पर्क गर्नु पर्नेछ ।

(घ) निरीक्षक तथा सुपरिवेक्षक स्वयम् वा निजको एकाघर परिवारको सदस्यको इजाजतपत्रप्राप्त संस्थामा कुनै पनि प्रकारको संलग्नता रहेको भएमा सोको जानकारी निरीक्षण पूर्व विभागीय वा कार्यालय प्रमुखलाई दिनु पर्नेछ ।

(ङ) निरीक्षक तथा सुपरिवेक्षकले उच्च नैतिक चरित्र कायम गर्दै लक्ष्य उन्मुख रही व्यक्तिगत हित संलग्न हुने सबै प्रकारका अवस्थाबाट टाढा रहनु पर्नेछ । निरीक्षण तथा सुपरिवेक्षण गरिने इजाजतपत्रप्राप्त संस्थाद्वारा आयोजित सार्वजनिक कार्यक्रम वाहेकका पार्टी, भोज आदिमा सरिक हुनु हुँदैन ।

(च) निरीक्षक तथा सुपरिवेक्षकले निरीक्षणको सिलसिलामा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको व्यवस्थापन सम्बन्धमा प्रश्न उठाउन, समालोचना गर्न वा सुझाव दिन

सक्नेछ । निरीक्षण तथा सुपरिवेक्षणको सिलसिलामा उपलब्ध सूचना तथा विवरणहरू सम्बन्धित पदाधिकारी र अख्तियारवाला संस्थाहरू बाहेक अन्यत्र प्रवाह गर्नु हुदैन ।

(छ) इजाजतपत्रप्राप्त संस्थाका क्रियाकलापलाई व्यवस्थापन गर्ने प्राथमिक दायित्व सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको हो भन्ने कुरा निरीक्षक वा सुपरिवेक्षकले सदैव मनन् गर्नु पर्नेछ ।

(ज) निरीक्षक तथा सुपरिवेक्षकले डर, त्रास, धाक, धम्की, लोभ, लालच, प्रतिशोध, आस्था, मोलाहिजा आदिमा नपरी स्वतन्त्र र निर्भिकरूपले आफ्नो कर्तव्य निर्वाह गर्नु पर्नेछ ।

(झ) निरीक्षक तथा सुपरिवेक्षकले आफ्नो निजी काम तथा स्वार्थको लागि कुनै पनि प्रकारका कार्य गर्नु गराउनु हुदैन र इजाजतपत्रप्राप्त व्यक्तिबाट कुनै पनि प्रकारका उपहारहरू लिनु हुँदैन ।

(ञ) निरीक्षक तथा सुपरिवेक्षकले इजाजतपत्रप्राप्त संस्थाको कामकारवाही सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा सो अन्तर्गत बनेका नियम, विनियम एवम प्रचलित कानुन तथा बैंकले समय समयमा जारी गरेका परिपत्र, आदेश, निर्देशन, सूचना र इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्तहरूको जानकारी राख्नुपर्नेछ ।

२३. **विभागीय कारवाही हुनसक्ने** : (१) विनियम २२ बमोजिम उल्लेखित आचारसंहिताको पालना गर्नु सम्बन्धित निरीक्षक तथा सुपरिवेक्षकको कर्तव्य हुनेछ ।

(२) निरीक्षण प्रतिवेदन वा सोसँग सम्बन्धित कुनै पनि विवरण तयार गर्दा ऐन, प्रचलित कानुन, नियम, आदेश, निर्देशन तथा सूचनाको अधीनमा रही कार्य गर्नु सम्बन्धित निरीक्षक तथा सुपरिवेक्षकको कर्तव्य हुनेछ ।

(३) उप-विनियम (१) र (२) बमोजिमका प्रावधानहरू पालना नगर्ने निरीक्षक वा सुपरिवेक्षकलाई प्रचलित नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली बमोजिम विभागीय कारवाही हुनेछ ।

२४. **निरीक्षण तथा सुपरिवेक्षणमा संलग्न कर्मचारीको सुरक्षा** : (१) निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धित कर्मचारीहरूलाई कर्तव्य पालनाको सिलसिलामा कुनै पनि प्रकारको अनधिकृत प्रभाव पारेमा विभागीय प्रमुख वा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालय प्रमुख समक्ष जानकारी गराउनु पर्नेछ ।

(२) निरीक्षण तथा सुपरिवेक्षणका क्रममा आईपर्ने कर्मचारीको सुरक्षा जोखिम सम्बन्धमा सम्बन्धित कर्मचारीबाट जानकारी प्राप्त भएपछि विभागीय प्रमुख वा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालय प्रमुखले सुरक्षाको व्यवस्थाका लागि आवश्यकता अनुसार सम्बन्धित सुरक्षा निकायको सहयोगका लागि लेखी पठाउन सक्नेछ ।

(३) निरीक्षण तथा सुपरिवेक्षणका क्रममा सुरक्षा सम्बन्धी जोखिम उत्पन्न हुने भएमा विभागीय प्रमुख वा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालय प्रमुखले सम्बन्धित कर्मचारीलाई सो कार्य सम्पन्न नहुँदै त्यस्तो कार्यबाट फिर्ता बोलाउन सक्नेछ ।

(४) निरीक्षण तथा सुपरिवेक्षणमा संलग्न कर्मचारीले कर्तव्य पालनाको क्रममा सुपरिवेक्षकीय दायित्व निर्वाह गर्दा असल मनसायले गरेको कार्यको प्रतिरक्षा राष्ट्र बैंकले गर्नेछ तथा सोबाट उत्पन्न हुने कुनै पनि प्रकारको कानुनी दायित्व निजले व्यक्तिगत रुपमा व्यहोर्नु पर्ने छैन ।

(५) इजाजतपत्रप्राप्त संस्थाले पेश गरेका सूचना, तथ्याङ्क, विवरण, प्रतिवेदन तथा कागजातहरू सही, यथार्थपरक एवम् वास्तविक नभई फरक पर्न गएमा गलत सूचना सम्प्रेषणका कारण उत्पन्न हुने जोखिम प्रति निरीक्षक तथा सुपरिवेक्षक जवाफदेही हुने छैन ।

(६) कर्मचारी सुरक्षाका लागि विभागले पर्याप्त सतर्कता अपनाउने छ । कुनै पनि कर्मचारीलाई कर्तव्य पालनाका क्रममा व्यक्तिगत रुपमा असुरक्षित हुने अवस्था सिर्जना हुन नदिन विभागले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(७) निरीक्षण, सुपरिवेक्षण तथा सो सम्बन्धी कर्तव्य पालनाको सिलसिलामा अन्य पक्षबाट हुने कानुनी कारवाहीको प्रतिरक्षा गभर्नरको स्वीकृतिमा बैंकले गर्नेछ ।

२५. निरीक्षण प्रतिवेदन : (१) निरीक्षण टोलीले निरीक्षण कार्य समाप्त गरी कार्यालयमा उपस्थित भएको सात कार्य दिन भित्र निरीक्षण प्रतिवेदन विभागीय वा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ । निरीक्षण प्रतिवेदनको ढाँचा निरीक्षणको उद्देश्य तथा विभागीय वा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालय प्रमुखको निर्देशनमा आवश्यकतानुसार देहायका विषयवस्तु समावेश गरी तयार गर्नु पर्नेछ:-

(क) निरीक्षणको उद्देश्य, क्षेत्र तथा प्रकार

(ख) निरीक्षण अवधि,

(ग) वित्तीय विश्लेषण,

(घ) सम्पत्ति शुद्धीकरण निवारण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी व्यवस्था पालनाको अवस्था

(ङ) निरीक्षणको क्रममा देखिएका प्रमुख कैफियतहरू,

(च) इजाजतपत्रप्राप्त संस्थालाई दिइने सुझाव/निर्देशन,

(छ) निरीक्षणको निष्कर्ष र

(ज) विभाग वा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालय प्रमुखले तोकेका तथा आवश्यक ठानेका अन्य विवरणहरू ।

(२) निरीक्षण प्रतिवेदनमा निरीक्षक वा सुपरिवेक्षकले सम्बन्धित इजाजतपत्रप्राप्त संस्थालाई निर्देशन दिनुपर्ने भए सो समेत खुलाई पेश गर्नु पर्नेछ ।

२६. **गैर स्थलगत सुपरिवेक्षण प्रतिवेदन**: (१) गैर स्थलगत सुपरिवेक्षणको प्रतिवेदन वार्षिक रुपमा तयार गर्नुपर्नेछ ।

(२) उप-विनियम (१) बमोजिम तयार गरिने प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र तयार गरी विभागीय वा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

२७. **प्रतिवेदन कार्यान्वयन कार्यविधि**: (१) विभागले सबै प्रकारका निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनको कार्यान्वयन भए/नभएको अनुगमन गर्नुपर्नेछ ।

(२) उप-विनियम (१) वमोजिम अनुगमन गर्दा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थासँग माग गरेका नीति, कार्ययोजना तथा अन्य कागजातहरू पर्याप्त भए/नभएको अध्ययन एवम् विश्लेषण समेत गर्नु पर्नेछ ।

## परिच्छेद - ७

## कसुर, दण्ड सजाय र कारवाही सम्बन्धी व्यवस्था

२८. **नियमन उल्लङ्घन गरेको मानिने** : विदेशी विनिमयको कारोवार गर्न इजाजतपत्रप्राप्त संस्थाले नेपाल राष्ट्र बैंक ऐन, २०५८, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा सो अन्तर्गत बनेका नियम, विनियम एवम् प्रचलित कानुन तथा सो अन्तर्गत राष्ट्र बैंकले समय समयमा जारी गरेका परिपत्र, आदेश, निर्देशन, सूचना र इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्तहरूको पालना गरेको नदेखिएमा यस विनियमावली बमोजिम नियमन उल्लङ्घन गरेको मानिनेछ ।

२९. **कारवाही सम्बन्धमा** : विनियम २५ बमोजिम तयार गरिएको प्रतिवेदनमा उल्लिखित कैफियतको प्रकृति हेरी राष्ट्र बैंकले कारवाही गर्नुपर्ने भए राष्ट्र बैंकले र नेपाल सरकारको सम्बन्धित निकायको क्षेत्राधिकारभित्र पर्ने भए सो निकायलाई आवश्यक छानविन तथा कारवाहीका लागि लेखी पठाइनेछ ।

३०. **नियमन उल्लङ्घन गरेमा हुने सजाय तथा जरिवाना** : (१) विनियम २८ बमोजिमको नियमन उल्लङ्घन गरेमा इजाजतपत्रप्राप्त संस्थालाई बैंकले देहाय बमोजिमको एक वा एकभन्दा बढी सजाय वा जरिवाना वा दुवै गर्न सक्नेछ ।

(क) सचेत गराउने,

(ख) लिखित चेतावनी दिने,

(ग) विदेशी विनिमयको कुनै वा सबै कारोवारमा रोक लगाउने,

(घ) बैंकमा रहेको नगद धरौटी जफत गर्ने वा जमानतबाट असुल गर्ने,

(ङ) नियमन उल्लङ्घनको प्रकृति हेरी दश लाख रुपैयाँसम्म नगद जरिवाना गर्ने,

(च) इजाजतपत्र निलम्बन वा रद्द गर्ने ।

**३१. नियमन उल्लङ्घन गरेमा सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई हुने सजाय तथा जरिवाना :**

(१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा सो अन्तर्गत बनेको नियम वा विनियम वा राष्ट्र बैंकले जारी गरेको आदेश वा निर्देशन इजाजतपत्र प्राप्त संस्थाका पदाधिकारीले उल्लङ्घन गरेमा वा निरीक्षण तथा सुपरिवेक्षणको सिलसिलामा राष्ट्र बैंक वा निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले माग गरेको कागजात, विवरण वा तथ्याङ्क तोकिएको समयभित्र पेश नगरेमा त्यस्तो सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई राष्ट्र बैंकले देहाय बमोजिमको सजाय गर्न सक्नेछ :-

(क) सचेत गराउने वा लिखित चेतावनी दिने,

(ख) नसिहत दिने ,

(ग) पाँच लाख रुपैयाँसम्म नगद जरिवाना गर्ने,

(घ) निलम्बनमा राख्ने ।

(२) दफा (१) बमोजिमको नियमन उल्लङ्घन गरेमा त्यस्तो सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई विभागीय कारवाहीको लागि राष्ट्र बैंकले सम्बन्धित संस्थालाई लेखी पठाउन सक्नेछ ।

**३२. आर्थिक जरिवाना र सजायको कार्यविधि :** (१) विनियम ३० र ३१ बमोजिम आर्थिक जरिवाना वा सजाय गर्दा विभागले देहायको कार्यविधि अवलम्बन गर्नु पर्नेछ ।

(क) विनियम २८ बमोजिमको नियमन उल्लङ्घन गरेको देखिएमा उल्लङ्घनको विवरण उल्लेख गरी इजाजतपत्रप्राप्त संस्था वा पदाधिकारीलाई पन्ध्र दिनको म्याद दिई लिखित स्पष्टीकरण सोध्नु पर्नेछ । आरोपित संस्था वा पदाधिकारीले पन्ध्र दिनभित्र लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ । तोकिएको म्यादभित्र लिखित स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण चित्त बुझ्दो नभएमा उक्त संस्था तथा पदाधिकारीलाई विनियम ३० र ३१ बमोजिमको कारवाही अगाडि बढाउन कुनै बाधा पर्ने छैन ।

(ख) आरोपित संस्था वा पदाधिकारीले नियमन उल्लङ्घन उपर असहमति व्यक्त गरेको व्यहोरा चित्त बुझ्दो भएमा विभागले त्यस्तो आरोपलाई संशोधन, सीमित वा खारेज गर्न सक्नेछ ।

(ग) प्रथम पटक सोधिएको लिखित स्पष्टीकरण पेश गरेपछि उक्त स्पष्टीकरण सन्तोषजनक नभएमा प्रस्तावित सजाय गर्नुअघि विभागले देहायको कुराहरू उल्लेख गरी आरोपित संस्था वा पदाधिकारीलाई प्रस्तावित जरिवाना वा सजायको बारेमा आफ्नो सफाई पेश गर्न सात दिनको म्याद दिई लिखित सूचना दिनु पर्नेछ ।

(१) नियमन उल्लङ्घनको प्रकृति,

(२) नियमन उल्लङ्घनको प्रकृति अनुरुप लगाउन सकिने जरिवानाको रकम वा प्रस्तावित सजाय र

(३) नियमन उल्लङ्घनको संक्षिप्त व्यहोरा ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विनियम ३० र ३१ को खण्ड (क) र (ख) अन्तर्गतको सजाय गर्दा कुनै पनि किसिमको कार्यविधि अपनाउनु पर्ने छैन ।

## परिच्छेद - ८

## विविध

३३. **सुरक्षा व्यवस्था :** (१) इजाजतपत्रप्राप्त संस्थाले आफ्नो कारोवारको लागि चाहिने सुरक्षा एवं वीमा लगायतका सम्पूर्ण व्यवस्था आफै मिलाउनु पर्नेछ ।

(२) पूर्वाधार निरीक्षणको क्रममा वा अन्य निरीक्षणको क्रममा निरीक्षण टोलीले सुरक्षा सम्बन्धी व्यवस्था समेतको निरीक्षण गर्न सक्नेछ ।

(३) उपविनियम (२) बमोजिम निरीक्षण गर्दा सुरक्षा सम्बन्धी व्यवस्था अपर्याप्त भएको पाइएमा निरीक्षण टोलीले सम्बन्धित इजाजतपत्रप्राप्त संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको कर्तव्य हुनेछ ।

३४. **इजाजतपत्रप्राप्त संस्थाको नाम, शेयरधनी/साझेदार तथा कारोवारको स्थान परिवर्तन :** इजाजतपत्रप्राप्त संस्थाले आफ्नो नाम, शेयरधनी/साझेदार तथा कारोवारको स्थान परिवर्तन भएमा सोको जानकारी परिवर्तन भएको एक महिनाभित्र राष्ट्र बैंकलाई दिनुपर्दछ ।

३५. **लेखा राख्ने सम्बन्धी व्यवस्था :** (१) विदेशी विनिमयको कारोवार गर्ने इजाजतपत्रप्राप्त संस्थाले आफ्नो हिसाब किताब दोहोरो लेखा प्रणालीमा आधारित नेपाल लेखामान सम्बन्धी मापदण्ड बमोजिम राख्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम नेपाल लेखामानले नसमेट्ने कुनै प्रकारको कारोवार भएको खण्डमा अन्तर्राष्ट्रिय लेखामान (IFRS) बमोजिम लेखा राख्नु पर्नेछ ।

३६. **विवरण पेश गर्ने :** (१) बैंक तथा वित्तीय संस्था बाहेकका विदेशी विनिमयको कारोवार गर्ने इजाजतपत्रप्राप्त संस्थाले अनुसूची-११ बमोजिमको ढाँचामा विवरण तयार गरी मासिक रुपमा महिना समाप्त भएको पन्ध्र दिनभित्र विद्युतीय माध्यमबाट विभाग वा राष्ट्र बैंकको सम्बन्धित प्रदेशस्थित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको विवरणका अतिरिक्त राष्ट्र बैंकले समय समयमा माग गरे बमोजिमका विवरण पेश गर्नु सम्बन्धित विदेशी विनिमयको कारोवार गर्न इजाजतपत्रप्राप्त संस्थाको कर्तव्य हुनेछ ।

(३) क्यासिनोले विदेशी विनिमय कारोवार सम्बन्धमा अनुसूची-१२ देखि १९ बमोजिमका विवरणहरू मासिक रुपमा विद्युतीय माध्यमबाट विभागमा पेश गर्नुपर्नेछ ।

(४) बैंक तथा वित्तीय संस्था बाहेकका इजाजतपत्रप्राप्त संस्थाले विदेशी मुद्राको कारोवार गर्दाको खरीद विवरण Online Reporting र ईमेलमार्फत तथा विदेशी मुद्रा बैंक दाखिला गरेको बैंक स्टेटमेण्ट ईमेलमार्फत मासिक रुपमा विभाग वा राष्ट्र बैंकको सम्बन्धित प्रदेशस्थित कार्यालयमा पठाउनुपर्नेछ ।

(५) बैंक तथा वित्तीय संस्थाले विदेशी विनिमय कारोवारको विवरण राष्ट्र बैंकले तोकेबमोजिम नियमित रुपमा ईमेल मार्फत विभागमा पेश गर्नुपर्नेछ ।

(६) बैंक तथा वित्तीय संस्थाले इजाजतपत्र लिएपछि वा इजाजतपत्रको नवीकरण गरेपछि कुनै नयाँ शाखाबाट विदेशी विनिमयको कारोवार शुरु गरेमा सोको जानकारी कारोवार शुरु गरेको पन्ध्र दिन भित्र विभाग समक्ष पेश गर्नु पर्नेछ ।

**३७. कारोवार बन्द गर्नेः** इजाजतपत्रप्राप्त संस्थाले कुनै कारणवश आफ्नो विदेशी विनिमय कारोवार बन्द गर्न चाहेमा विभाग वा कार्यालयबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

**३८. बाधा अड्काउ फुकाउनेः** यस विनियमावलीको कार्यान्वयनमा कुनै बाधा अडकाउ आइपरेमा त्यस्तो वाधा अड्काउ गभर्नरले फुकाउन सक्नेछ ।

**३९. खारेजी तथा बचाउः** नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोवार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०६७ खारेज गरिएको छ । यो विनियमावली लागू हुनु अघि राष्ट्र बैंकले विदेशी विनिमयको कारोवार गर्न प्रदान गरेका इजाजतपत्र, निरीक्षण, सुपरिवेक्षण तथा सो सम्बन्धी सम्पूर्ण काम कारवाही यसै विनियमावली अन्तर्गत भए गरेको मानिनेछ ।

# अनुसूची – १

**विनियमावलीको विनियम ४ सँग सम्बन्धित**

**श्री नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**विदेशी विनिमय व्यवस्थापन विभाग**
**बालुवाटार, काठमाण्डौ ।**

**विषयः- विदेशी विनिमय कारोवार गर्ने इजाजतपत्र पाउँ ।**

महोदय,

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ र विदेशी विनिमय (नियमित गर्ने ऐन, २०१९ को दफा ३ बमोजिम विदेशी विनिमयको कारोवार गर्नका लागि इच्छुक भएकोले विदेशी विनिमयको कारोवार गर्ने इजाजतपत्र पाउनको लागि यो निवेदन पेश गरेको/गरेका छु/छौं ।

विवरण

१. बैंक तथा वित्तीय संस्थासँग सम्बन्धित विवरण ।
   (क बैंक तथा वित्तीय संस्थाको नाम र ठेगाना :
   (ख) वर्ग :
   (ग) चुक्ता पूँजी :
२. अख्तियार प्राप्त अधिकारीको नाम :
३. मोबाईल नम्बर :
४. इमेल :
५. फोन नम्बर :
६. विदेशी विनिमयको कारोवार गर्ने शाखाहरुको नाम र ठेगाना (छुट्टै सूची समावेश गर्ने)
७. कार्यकारी प्रमुखको नाम :

उपरोक्त बमोजिम मेरो/हाम्रो व्यक्तिगत विवरणहरू सत्य र ठीक छन्, झुट्टा ठहरे प्रचलित कानुन बमोजिम सजाय भोग्न तयार छु/छौं । साथै, यी विवरणका अतिरिक्त अन्य विवरण आवश्यक भएमा त्यस बैंकले तोकेको अवधिभित्र पेश गर्ने व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं ।

**भवदीय,**

**सही :**

**नाम :**

**मितिः**

# अनुसूची – १(क)

**विनियमावलीको विनियम ४ सग सम्बन्धित**
**बैंक तथा  वित्तीय संस्थाले  इजाजतपत्र प्राप्त गर्न निवेदनसाथ पेश गर्नू पर्ने कागजातहरू**

१. बैंक तथा वित्तीय संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको दर्ता प्रमाणपत्र र नेपाल राष्ट्र बैंकबाट प्राप्त ईजाजतपत्रको प्रतिलिपि ।

२. स्थायी लेखा नम्बर प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि ।

